# अपाङ्गता भएका महिला तथा बालिकाको अधिकारसँग सम्बन्धित कानूनी व्यवस्था: विश्लेषणात्मक अध्ययनको नीतिसार

# (Policy Brief)

## सन् २०२२

नेपाल अपाङ्ग महिला संघ

cbm
Global Disability Inclusion

# अपाङ्गता भएका महिला तथा बालिकाको अधिकारसँग सम्बन्धित कानूनी व्यवस्था: विश्लेषणात्मक अध्ययनको नीतिसार

# (Policy Brief)

## सन् २०२२

**पुनरावलोकन गरिएका मुख्य कानूनहरु**

- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, नियमावली २०७७
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संसोधन, एकीकरण गर्न बनेको ऐन, २०७४

**प्रकाशक**
नेपाल अपाङ्ग महिला संघ

**समीक्षक**
अधिवक्ता बिमला खड्का
अधिवक्ता कपिल अर्याल

## ऐतिहासिक पृष्ठभूमि

नेपालको परिप्रेक्ष्यमा अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारसँग सम्बन्धित नीति तथा कानून निर्माणको इतिहास धेरै लामो छैन । अपाङ्गता भएका व्यक्तिहरूको हकमा रहेको अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गता संरक्षण तथा कल्याण नियमावली, २०५१ ले संरक्षणात्मक र कल्याणकारी ढंगबाट अपाङ्गताको विषयमा र अपाङ्गता भएका महिला तथा बालिकाको विषयमा समेत केही व्यवस्था गरेको थियो । अहिलेको चरणसम्म आइपुग्दा अधिकारमुखी अवधारणलाई आत्मसात गर्दै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ निर्माण भई जारी भएको छ। यस ऐनले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (२००६) को सिद्धान्तलाई समेत समेट्न खोजेको छ । यसका साथै शिक्षा सम्बन्धी ऐन २०२८, बालवालिका सम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा समेत अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको बारेमा उल्लेख भएको छ।

यसैगरी अपाङ्गता भएका व्यक्तिहरूलाई परिचय पत्रको व्यवस्था, रातो किताबमार्फत अपाङ्गता क्षेत्रलाई बजेट विनियोजन, विशेष शिक्षा नीति-२०५३, समुदायमा आधारित पुन:स्थापना (सिबिआर) कार्यक्रमका लागि बजेटको थालनी, अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना-२०६३, अपाङ्गताको नयाँ परिभाषा तथा वर्गीकरण-२०६३, परिचयपत्र वितरण निर्देशिका-२०६५, स्थानीय निकायमार्फत अपाङ्गता क्षेत्रमा बजेटको विनियोजन, अपाङ्गता भएका व्यक्तिहरूको संविधान सभामा प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको अनुमोदन, अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९, अपाङ्गता सम्बन्धी १० वर्षे कार्य योजनालाई अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६ (सिआरपीडी) अनुकूल पुनरावलोकनको शुरुआत, नेपालको संविधान, २०७२ मा अपाङ्गता भएका व्यक्तिको मौलिक अधिकार तथा राजनीतिक अधिकारको सुनिश्चितता, राज्यको पुन:संरचनाको सन्दर्भमा कानूनहरू परिमार्जन गर्ने क्रममा रहेको र नयाँ कानूनहरू निर्माण हुने सन्दर्भमा अपाङ्गताको सवाल कानूनमा समेट्न पहल र दवावको सिर्जना भइ धेरै हदसम्म प्रगतिशील र अधिकारमुखी अवधारणालाई समेटी कानून निर्माणको थालनी भएको देखिन्छ । यसका बाबजुद अझैपनि कतिपय कानूनी प्रावधानहरूमा सुधार गर्नुपर्ने देखिन्छ भने अब बन्ने कानूनमा मानव मर्यादा, भेदभावरहितपना, समानता र अधिकारमुखी अवधारणालाई केन्द्रमा राखेर कानून निर्माण होस् भन्ने खबरदारीका लागि समेत यो नीतिसार निर्माण गरिएको हो ।

## अपाङ्गता भएका महिला तथा बालिकाको अधिकारको सवालमा नेपाल सरकारको पहल

अपाङ्गताको नयाँ परिभाषा तथा वर्गीकरण-परिचयपत्र वितरण, विशेष शिक्षा नीति, सिबीआर कार्यक्रम, अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, स्थानीय निकायमार्फत बजेटको विनियोजन, संविधान सभामा प्रतिनिधित्व, UNCRPD महासन्धिको अनुमोदन, पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, वर्तमान संविधानमा मौलिक अधिकार तथा राजनीतिक अधिकारको सुनिश्चिता, कानून परिमार्जन गर्दा र नयाँ कानून निर्माण हुने सन्दर्भमा अपाङ्गताको सवाललाई पनि समेट्ने परिपाटीको थालनी हुनुलाई सकारात्मक रुपमा लिन सकिन्छ । २०७२ को संविधान जारी भएपछि बनेका कानूनहरू प्रगतिशील र अधिकारमुखी अवधारणामा आधारित भई निर्माण हुन थालेको पाइन्छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्वन्धी ऐन, २०७४ ले केही राम्रा व्यवस्थाहरू गरेको भएतापनि ऐन कार्यान्वयनको लागि आएको नियमावलीले ऐन प्रदत्त अधिकारलाई संकुचन गरेको, ऐनको मर्मलाई मिचेका कारणले समेत ती अधिकारहरूको व्यावहारिक कार्यन्वयन हुन कठिनाई रहेको देखिन्छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क संकलन, अपाङ्गताको वर्गीकरण, पहुँचयोग्य तरिकाबाट परिचय पत्रको वितरण, अभिलेख, सामाजिक सुरक्षा, सेवा सुविधा, संरक्षण, शिक्षा, सिप विकास, रोजगारी, स्वावलम्बन, सशक्तीकरण, पहुँचयुक्त भौतिक संरचना निर्माण, स्वास्थ्य, पुनःर्स्थापना, मनोरञ्जन लगायतका विषयको दायित्व स्थानीय तहलाई सुम्पेको छ । नेपाल सरकारवाट स्वीकृत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संसोधन तथा एकीकरण गर्न बनेको ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मा पनि विपद्को बेला अपाङ्गता भएका व्यक्तिको प्राथमिकताको बारेमा उल्लेख भएको छ ।

यति धेरै कानूनी तथा नीतिगत प्रावधानहरू भएतापनि तिनमा संशोधन गरी अपाङ्गता भएका व्यक्ति भित्र पनि महिला, बालबालिका, अति अशक्त अपाङ्गता भएका व्यक्ति, ग्रामीण तथा दुर्गम भेगमा बसोबास गर्ने विपन्न अपाङ्गता भएका व्यक्तिको सवाललाई गम्भीरताका साथ समेट्न जरुरी रहेको देखिन्छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून

### अपाङ्गता भएका महिला तथा बालिकाको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानून

अन्तर्राष्ट्रिय मानव अधिकारको मुख्य नौ[1] वटा महासन्धि मध्ये नेपाल, सात[2] वटा महासन्धिको पक्ष रहेको छ। नेपालले सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५[3], आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी १९६६[4], नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी १९६६,[5] महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि १९७९[6], यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४[7], बाल अधिकार महासन्धि १९८९[8], तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६[9] लाई अनुमोदन गरिसकेको छ। यी महासन्धिहरूको ऐच्छिक आलेखहरू मध्ये धेरै वटालाई नेपालले अनुमोदन गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा हरेक व्यक्ति स्वतन्त्र रहेको र सबैलाई समान व्यवहारको अधिकार हुने भनी उल्लेख भएको छ। साथै सोही घोषणापत्रको धारा ७ मा कानून सबै व्यक्तिहरूका लागि बराबर हुनेछ र कानूनको व्यावहारिक प्रयोग समान हुनेछ भनी उल्लेख भएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि तथा स्वेच्छिक आलेख, २००६ मा अपाङ्गता भएका महिला एवं बालबालिकाका अधिकार लगायत शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, राजनीतिक अधिकारको सुनिश्चितता र आत्मनिर्णयको अधिकारको बारेमा उल्लेख भएको छ। बाल अधिकार महासन्धिले मानसिक र शारीरिक रुपले अशक्त बालवालिकाको मर्यादा सुनिश्चित गर्ने तथा स्वावलम्वन अभिवृद्धी गर्ने विषयमा जोड दिएको छ।[10] यस महासन्धिले अशक्त बालबालिकालाई हेरचाह र सुरक्षाको अधिकारलाई पक्ष राष्ट्रले दायित्वको रुपमा स्वीकार गर्ने कुरालाई जोड दिइएको छ।[11] यसका साथै महासन्धिमा अशक्त बालबालिकाको विशेष आवश्यकतालाई ध्यानमा राख्दै शिक्षा, स्वास्थ्य, सुरक्षा, स्याहार, सीपमा सुधारको विषयलाई प्राथमिकता दिइएको छ।[12]

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि १९७९ मा महिलालाई पुरुषसरह सबै प्रकारको अधिकारको व्यवस्था गरिएको छ। यो महासन्धिमा महिलाले कुनैपनि भेदभावबिना पुरुष

1 https://www.ohchr.org/EN/ProfessionalInterest/Pages/CoreInstruments.aspx

2 Ministry of Law, Justice and Parliamentary Affairs, List of Multilateral Treaties to which Nepal is a party and a Signatory, March 2018, pp. 2-4.

3 Date of Accession: 30 January 1971.

4 Date of Accession: 14 May 1991.

5 Date of Accession: 14 May 1991.

6 Date of Ratification: 22 April 1991.

7 Date of Accession: 14 May 1991

8 Date of Ratification: 14 September 1990.

9 Ratified on 7 May 2010. Available at: https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/countries.aspx?CountryCode=NPL&Lang=EN

10 बाल अधिकार महासन्धिले धारा २३ उपधारा १

11 बाल अधिकार महासन्धिले धारा २३ उपधारा २

12 बाल अधिकार महासन्धिले धारा २३ उपधारा ३(४)

सरह सार्वजनिक सेवा, राजनीतिमा प्रवेश गर्न र सहभागी हुन पाउनुपर्छ भन्ने अभिप्राय देखिन्छ । हुन त यसअघि नै महिलाको राजनीतिक अधिकार सुनिश्चित गर्न 'महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९५२' ल्याईएको थियो। यसका साथै बौद्धिक अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी घोषणापत्र, १९७१ मा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अवस्था नाजुक भएको कुरालाई स्मरण गर्दै शिक्षा, तालिम, पुन:स्थापना, सल्लाह, आर्थिक सहायता जस्ता कुरालाई जोड दिइएको छ।

अपाङ्गता भएका व्यक्तिहरूका लागि अवसरहरूको समान्यीकरण सम्बन्धी मानक नियमहरू, १९९४[13] ले अपाङ्गता भएका व्यक्तिहरूको संगठन, शिक्षा, स्वास्थ्य, रोजगारी, भौतिक पहुँच, समान अवसर, अभिवेद र अपाङ्गता भएका व्यक्तिका अधिकारका लागि घरेलु कानून निर्माणलगायतका सवाललाई बढावा दिनुपर्ने व्यवस्था गरेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१) ले नेपाल पक्ष भएका सबै सन्धिहरू नेपालको राष्ट्रिय कानूनसरह हुने तथा राष्ट्रिय कानून र त्यस्ता सन्धिहरू परस्पर बाझिएमा सन्धिको प्रावधान लागु हुने व्यवस्था गरेको छ । तसर्थ, महासन्धिले सिर्जना गरेका दायित्वहरू पूरा गर्न तथा महासन्धिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकारको कर्तव्य हो ।[14]

13 Standard Rules on the Equalization of Opportunities for Persons with Disabilities, 1994

14 https://nhrcnepal.org/nhrc_new/doc/general/FAQs%20of%20Human%20Rights%20-2071%20Nepali.pdf

## अपाङ्गता भएका महिला तथा बालिकाको अधिकार सम्बन्धी राष्ट्रिय कानून

नेपालको संविधानको प्रस्तावनाले राज्यको लक्ष्य समतामूलक समाजको निर्माण हुने भनेको छ । मर्यादित समाज निर्माणका लागि समतामूलक व्यवस्थाहरू अनिवार्य रहने भनी उल्लेख भएको बमोजिम धारा ३९ मा बालबालिकाको हक अन्तर्गत अपाङ्गता भएका बालबालिकाका लागि विशेष अधिकारका साथै अपाङ्गताको आधारमा विभेद् गर्न नहुने व्यवस्था गरेको छ। अपाङ्गता भएका महिला तथा बालबालिकाको प्रतिनिधित्वको विषयमा संविधानका विभिन्न धाराहरू (धारा ८४, ८६, १७६) मा उल्लेख भएको छ भने धारा २५८ र २५९ ले समावेशी आयोगमा प्रतिनिधित्वको विषय अन्तर्गत अपाङ्गताको सवाललाई सम्बोधन गर्दछ। नेपालको संविधानमा सामाजिक न्यायको हक[15] अन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने व्यवस्था रहेको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को प्रस्तावनामा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्दै सशक्तीकरणको माध्यमबाट नीति निर्माण र विकास प्रकृयामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक

15 नेपालको संविधान, धारा ४२ उपधारा ३

जीवनयापनको वातावरण बनाउने विषय सम्बोधन भएको छ । साथै यस ऐनले अपाङ्गता भएका व्यक्तिको भेदभाव विरुद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, संरक्षणको अधिकार, राजनैतिक सहभागिताको अधिकार, सामाजिक सुरक्षाको अधिकार, अपाङ्गता भएका महिला तथा बालवालिकाको अधिकार, शिक्षा सम्बन्धी अधिकार, सीप विकास तथा रोजगारीको अधिकार, स्वास्थ्य, पुनःस्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जनको अधिकार जस्ता महत्वपूर्ण अधिकारको व्यवस्था गरेको पाइन्छ ।

यस ऐनमा नेपाल सरकारले अपाङ्गता भएका महिलाको अधिकारको संरक्षण गर्न उनीहरूको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्न आवश्यक व्यवस्था गर्नुपर्ने र महिलाको विशेष अवस्थालाई ध्यानमा राखी निजहरूको स्वास्थ्य तथा प्रजनन अधिकारको संरक्षणका लागि आवश्यक व्यवस्था गर्नुपर्नेछ भन्ने समेत उल्लेख भएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी नियमावली, २०७७ ले, ऐनद्वारा प्रदत्त अधिकारको कार्यान्वयन गर्ने सन्दर्भमा महत्वपूर्ण व्यवस्था गरेको छ । जसमध्ये अपाङ्गताको वर्गीकरण, परिचयपत्र र अभिलेख, सेवा सुविधा र सहुलियत सम्वन्धी, अपाङ्गता भएका महिला र बालबालिकाको विशेष संरक्षण, शिक्षा सम्बन्धी व्यवस्था, सीप विकास र रोजगारी, स्वास्थ्य, पुनःस्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जनसम्बन्धी व्यवस्थाहरू प्रमुख रुपमा रहेको पाइन्छ ।

स्थानीय सरकार संचालनका लागि तर्जुमा गरिएको स्थानीय सरकार संचालन ऐन, २०७४ ले अपाङ्गता भएका व्यक्ति, महिला तथा बालबालिकाको हकमा समेत व्यवस्था गरेको पाइन्छ । सार्वजनिक प्रयोगका स्थल र भवनहरू अपाङ्गतामैत्री तथा भौतिक रुपमा पहुँचयोग्य हुनुपर्ने, शहरी परिवहनको तथा सार्वजनिक सवारी सुविधा अपाङ्गतामैत्री हुनुपर्ने, विशेष शिक्षा नीति अपाङ्गतामैत्री हुनुपर्ने, तथा सामाजिक सुरक्षाको कार्यान्वयन सम्बन्धमा समेत महत्वपूर्ण व्यवस्थाहरू गरेको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संसोधन तथा एकीकरण गर्न बनेको ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ का प्रावधानहरूलाई अपाङ्गता भएका महिला र बालबालिकाको सवालको दृष्टिकोणबाट सुक्ष्म अध्ययन गर्दा केही दफाहरूमा अपाङ्गताको सरोकारका कुरा उल्लेख भएका छन् ।

विपद् आउनुपूर्व गरिने जोखिम न्युनीकरण, विपद् पश्चातको उद्धार, राहतसहितको प्रभावकारी प्रतिकार्य, दिगो विकाससहितको मूलक पुर्न स्थापना र पुनःनिर्माणका साथै चेतनामूलक काम कारवाहीलाई व्यवस्थित र निर्देशित गर्ने हेतुले विपद् जोखिम न्यूनीकरण नीति, २०७५ ल्याइएको पाइन्छ र यस नीतिमा पनि अपाङ्गता भएका व्यक्तिको विषय सम्बोधन भएको छ ।

## अपाङ्गता भएका महिला तथा बालिकाहरूको अधिकार सम्बन्धी राष्ट्रिय कानून तथा नीतिमा भएका कमी कमजोरीहरू

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ले हिंसा पीडित अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँचको अभिवृद्धि गर्नको लागि निःशुल्क कानूनी सहायता, शिघ्र सुनुवाई, उचित क्षतिपुर्ति, पीडित र साक्षीको संरक्षण, सुरक्षालगायतको व्यवस्था गरेको छैन ।

अहिलेको परिस्थितिमा अपाङ्गता परिचय पत्र वितरण र अपाङ्गताको व्यावहारिक वर्गीकरणका विषयमा धेरै अनियमितता भएको गुनासो रहेको देखिन्छ। यसलाई व्यवस्थापन र नियमन गर्न अपाङ्गता भएका सबै वर्गको प्रतिनिधित्व हुने गरी अझ सशक्त संयन्त्र बनाउन र परिचय पत्र वितरण कार्यलाई व्यवस्थित, पँहुचयोग्य बनाउन आवश्यक रहेको देखिन्छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ मा सबै अपाङ्गता भएका व्यक्तिको लागि विशेष व्यवस्था गरी यस्ता वर्गका बालिकाका लागि आवश्यकता अनुसार निःशुल्क आवासीय शिक्षाको व्यवस्था रहेको छैन ।

नेपाल सरकारले सबै विपन्न नागरिकलाई गम्भीर प्रकृतिको रोगको उपचार गर्ने व्यवस्था वा अनुदान उपलव्ध गराएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २८(१) ले वार्षिक आय र रोगलाई स्पष्ट पार्न तोकिए बमोजिम हुने भनेकोमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावलीमा अपाङ्गताको वर्गीकरण गरेर अपाङ्गता भएका व्यक्ति व्यक्ति बीच विभेद् गर्दै ऐनको भावना र मर्मलाई समेत संकुचित बनाएको पाइन्छ ।

स्थानीय सरकार संचालन ऐनमा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना बनाई कार्यान्वयन गर्ने[16] भन्ने उल्लेखित प्रावधानमा अपाङ्गता भएका, एकल महिलालाई समेटिन आवश्यक रहेको देखिन्छ ।

अपाङ्गता भएका पुरुषको तुलनामा अपाङ्गता भएका महिलामाथि हेला र विभेद् अलि बढी हुने गरेको यथार्थ हो । अझै झन् त्यस्ता अपाङ्गता भएका महिला ग्रामीण तथा दुर्गम भेगमा बसोबास गर्ने रहेछन् भने त झनै बढी हेला र विभेद्को जोखिममा हुने गरेको पाइएको छ। तर अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ मा यस्ता ग्रामीण तथा दुर्गम भेगमा बसोबास गर्ने विपन्न अपाङ्गता भएका महिलाले, ऐनले व्यवस्था गरेको हक अधिकारको व्यावहारिक रुपमा उपभोग गर्न सकुन् भन्ने बारेमा ऐनमा त्यस्तो केही विशेष व्यवस्था छैन ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संसोधन एकीकरण गर्न बनेको ऐन, २०७४ मा विपद्को घटना हुनासाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने, विपद्को उच्च जोखिममा रहेका अति अशक्त, अपाङ्गता भएका व्यक्ति लगायत बालबालिकालाई प्राथमिकताका साथ उद्धार गर्ने भन्ने व्यवस्था ऐनमा स्पष्ट ढंगले राखिएको छैन । विपद्को समयमा विपद् प्रभावितलाई प्रदान गरिने मनोसमामाजिक परामर्श अपाङ्गता भएका सबै वर्गको यस्ता परामर्श सेवामा पहुँच हुने कुरा सुनिश्चित गरिएको छैन ।

16 स्थानीय सरकार संचालन ऐनको दफा २४ उपदफा ३ च

प्रदेश विपद् व्यवस्थापन समिति सम्वन्धी व्यवस्था अन्तर्गत प्रदेशस्तरमा गरिने विपद् व्यवस्थापन समितिमार्फत राहत सामग्रीको व्यवस्थापनका लीग मापदण्ड बनाइ लागू गर्दा, आपतकालीन अस्थायी आश्रय गृह तथा अस्थायी संरचनाको निर्माण गर्दा अति अशक्त, अपाङ्गता भएका बालबालिका र महिलाको पहुँचयुक्तताको विषयलाई ध्यानमा राखिने छ भन्ने विषयको उठान यस ऐनमा गरिएको छैन ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मा विपद् सुशासनको सिद्धान्त अनुरुप सहभागिता, जवाफदेहीता र समावेशीकरणमा अपाङ्गता भएका व्यक्ति भित्र पनि महिला, बालबालिका र अति अशक्त अपाङ्गता भएका महिलाको सवाल समेटिएका छैन ।

## अपाङ्गता भएका महिला तथा बालिकाहरू सम्बन्धी राष्ट्रिय कानून तथा नीतिमा सुधार गर्नुपर्ने कुराहरू

अपाङ्गता भएका व्यक्ति अन्तर्गत पनि लिङ्गको आधारमा गरिने विभेद्लाई अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनले आत्मसात गर्नुपर्छ । साथै अपाङ्गता भएका व्यक्ति खासगरी अपाङ्गता भएका बालिका, किशोरी र महिलाहरूको न्यायमा पहुँच अभिवृद्धिका लागि ऐनमा विशेष व्यवस्था थप्नुपर्ने देखिन्छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ मा अपाङ्गताको वर्गीकरण सिफारिस समितिमा अपाङ्गताको वर्गीकरणमा परेका सबै वर्गको अनिवार्य प्रतिनिधित्व गर्न नियमावलीमा नै सुधार गर्न पहल गर्नुपर्ने देखिन्छ । साथै हिंसा प्रभावित अपाङ्गता भएका महिलाको संरक्षण, न्याय र पुनःस्थापनाका लागि विशेष कार्यक्रम संचालन गर्ने व्यवस्था नियमावलीमा नै थप गर्न आवश्यक हुन्छ । नियमावलीमा रहेको सामुदायिक सेवामा अपाङ्गता भएका महिलाहरूको पहुँच सुनिश्चित गर्नुपर्ने र नियम ३ मा रहेको सिफारिस समितिमा सबै प्रकारका अपाङ्गता भएका वर्गको प्रतिनिधित्व हुने गरी समितिको पुनः व्यवस्था गरिनुपर्ने देखिन्छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ मा रहेका प्रावधानहरूमा प्रारम्भिक बाल विकास, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण तथा योजना तर्जुमा, यसको कार्यान्वयनको अनुगमन मुल्यांकन र नियमन गर्ने क्रममा अपाङ्गता भएका महिला र बालिकाको विषयलाई पनि राख्न आवश्यक रहेको देखिन्छ ।

विपद् व्यवस्थापनका कार्यक्रम संचालन गर्दा अपाङ्गता भएका महिला र बालबालिकाको सवाललाई प्राथमिकता दिनुपर्ने भनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संसोधन, एकीकरण गर्न बनेको ऐन, २०७४ मा व्यवस्था गर्नुपर्ने देखिन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संसोधन,

एकीकरण गर्न बनेको ऐन, २०७४ को दफा २४ उपदफा ३ (च) मा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना बनाई कार्यान्वयन गर्ने भनी उल्लेखित भएकोमा अपाङ्गता भएका महिला र बालबालिका समेत थप गर्न आवश्यक रहेको देखिन्छ ।

विपद् व्यवस्थापनको सन्दर्भलाई ध्यानमा राखेर संचालन गरिने सबै प्रकारका अभिमुखीकरण तालिम कार्यक्रम, जनचेतना र क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरू संचालन गर्दा अपाङ्गता भएका व्यक्ति र वर्गको सहभागिता सुनिश्चित गर्ने र पहुँचयुक्तताको विषय पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ मा राख्न आवश्यक देखिन्छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मा सहभागिता तथा समावेशीकरणमा अपाङ्गता भएका व्यक्ति र त्यसभित्र पनि महिला, बालबालिका, अति अशक्त अपाङ्गता भएका व्यक्तिको सवाल समेट्न जरुरी रहेको देखिन्छ । विपद् जोखिम न्यूनीकरणका सबै चरण तथा संरचनामा समावेशी अवधारणा अनुरुप सवै वर्गका अपाङ्गता भएका व्यक्तिहरूको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नता सुनिश्चित गरिनुपर्ने भन्ने व्यवस्था नीतिमा नै उल्लेख गर्नुपर्ने देखिन्छ ।

## अपाङ्गता भएका महिला तथा बालिकाको अधिकारका सम्बन्धमा नीतिगत सुधारका लागि सिफारिसहरू :

- विपद् व्यवस्थापन सम्बन्धी विविध व्यवस्था गर्दा अपाङ्गता भएका महिला, बालबालिका, ज्येष्ठ नागरिकलगायतका वर्गलाई लक्षित गरी गरियोस् ।
- नेपाल सरकारले घर परिवारबाट उपेक्षित भएका मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई उपचार गरी पुनःर्स्थापना गर्ने वा पारिवारिक पुनर्मिलन गराउने व्यवस्था मिलाउने प्रावधान ऐनमा भएकाले पारिवारिक पुनर्मिलन गराउन नसकिएका व्यक्तिहरूका लागि छुट्टै दीर्घकालीन सुरक्षित आवासगृहमा राख्न सक्ने व्यवस्था गरियोस् ।
- देशभरी संचालन हुने सार्वजनिक सवारी साधन, सार्वजनिक प्रयोगका स्थल र भवनहरू पहुँचयुक्त बनाउनका लागि अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९ को प्रभावकारी कार्यान्वयन गरियोस् ।
- नेपाल सरकारले ल्याएको सबैका लागि शिक्षा भन्ने नाराको भावना आत्मसात गर्दै पूर्ण अशक्त र अति अशक्तका साथै मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यकता अनुसार आवासीय शिक्षाको व्यवस्था गरियोस् ।
- नेपाल सरकारले अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन, छात्राहरूको बाध्यतावश विद्यालय छोड्ने अवस्था हुन नदिन तोकिए बमोजम आवश्यक व्यवस्था गर्नेछ भनी ऐनमा उल्लेख भएको प्रावधानको कार्यान्वयनमा विशेष ध्यान दिइयोस् ।

- गाँउपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विज्ञ, अनुभवी, पेसाविद, सीमान्तकृत तथा लोपोन्मुख समुदायका व्यक्ति, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अपाङ्गता भएका महिला, ज्येष्ठ नागरिक लगायत सरोकारवालाहरूको अधिकतम सहभागिता हुनुपर्दछ भन्ने व्यवस्था भएकोमा यस व्यवस्थाको व्यवहारिक कार्यन्वयन भए नभएको अनुगमन स्थानीय तहले गर्नुपर्ने सम्बन्धी व्यवस्था स्थानीय सरकार संचालन ऐन, २०७४ मा राखियोस् ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली अन्तर्गत गठित विपद् व्यवस्थापन कार्यसमितिका काम, कर्तव्य तथा अधिकार अर्न्तगतका विषयहरू अपाङ्गतामैत्री ढङ्गले संचालन हुनुपर्ने व्यवस्था छ । विपद्, व्यवस्थापन र जोखिम कम गर्न तयार गरिने पाठयक्रम सबै प्रकारको अपाङ्गताको दृष्टिवाट पहुँचयोग्य बनाइयोस् ।

- स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क संकलन सम्बन्धी कार्य गर्दा अपाङ्गता भित्रको वर्गीकरण समेत स्पष्ट हुने तथ्याङ्क संकलन गर्नुपर्ने व्यवस्था गरियोस् ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संसोधन, एकीकरण गर्न बनेको ऐन, २०७४ मा संशोधन गरेर स्थानीय विपद् व्यवस्थापन समितिको गठन, प्रशिक्षण, सूचना संप्रेशण, भौतिक संरचना निर्माण, विपद् पूर्वतयारी तथा प्रतिकार्य समितिको गठन, विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था, विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र संचालन, आपतकालीन केन्द्रको स्थापना र संचालन आदि सबै कार्यमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, सहभागिता र उनीहरूको पहुँचयुक्ततालाई मध्यनजर गरेर गरिने छ भन्ने व्यवस्था थपियोस् ।

- सबै कार्यालय तथा अदालतमा वहिरा व्यक्ति तथा स्वर र बोलाई सम्बन्धी अपाङ्गता भएका, अटिज्म भएका व्यक्ति, बौद्धिक अपाङ्गता भएकालगायत दोहोरो संवाद गर्न कठिनाइ हुने व्यक्तिहरू, विशेषगरी महिलाका लागि सहयोगी, दोभाषेका माध्यमबाट निर्णय गर्ने प्रणाली (Supported Decision Making System) विकास गरियोस् ।

- स्थानीय तहमा गठित अपाङ्गता समन्वय समितिमा अपाङ्गता भएका महिलालाई अनिवार्य प्रतिनिधित्व गराउनुका साथै समितिको छुट्टै युनिट वा कार्यालय स्थापना गरी सम्पर्क व्यक्ति नियुक्ती गरिनुपर्ने ।







नेपाल अपाङ्ग महिला संघ
Nepal Disabled Women Association (NDWA)
Kalopul, Kathmandu, Nepal
Tel. : +977 1 4535131
Email : ndwa.2009@gmail.com
Website : www.ndwa.org.np